# गलेश्वरधाम आरोग्य आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको अवस्था

**(वेनी नगरपालिका-९, स्थित गलेश्वरधाम म्याग्दीको एक अध्ययन)**

**त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिकशास्त्र संकाय**

**अन्तर्गत समाजशास्त्र विभागमा समाजशास्त्र विषयको**

**स्नातकोत्तर तहका उपाधिको लागि प्रस्तुत**

## शोधपत्र


**शोधकर्ता**

**जमुना आचार्य**

**क्याम्पस रोल नं. : ५७१/०७०**

**परिक्षा रोल नं.: ४८०४९४**

**त्रि.वि.दर्ता नं.: ७-१-३१८-१७०-९९**

**त्रिभुवन विश्वविद्यालय**

**मानविकि तथा सामाजिक शास्त्र संकाय**

**समाजशास्त्र तथा ग्रामिण विकास विभाग**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**



**२०७७**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्रा जमुना आचार्यद्वारा “गलेश्वरधाम आरोग्य आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको अवस्था बेनी नगरपालिका वडा नं. ९, गलेश्वरधाम म्याग्दीको एक अध्ययन” शीर्षकमा तयार पारिएको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिती समक्ष सिफारिस गर्दछु ।

..............................

नेत्र नारायण पौडेल

शोध निर्देशक

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति :२०७६/ /

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय, समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त छात्रा जमुना आचार्यले यस विभागमा प्रस्तुत गर्नुभएको "गलेश्वरधाम आरोग्य आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको अवस्था बेनी नगरपालिका वडा नं.९, गलेश्वरधाम म्याग्दीको एक अध्ययन" शीर्षकमा तयार पारिएको शोधपत्र मूल्याङ्कन समिती समक्ष पेश भई स्वीकृति प्रदान गरिएको छ ।

**<u>मूल्याङ्कन समिती</u>**

....................................

नेत्रनारायण पौडेल
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

..................................

बाह्य परीक्षक
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

......................................

प्रा.डा. विश्वकल्याण पराजुली
विभागीय प्रमुख
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
मिति : २०७६/

# कृतज्ञताज्ञापन

बृद्धावस्था ज्ञानको भण्डार हो । जीवनरुपी अनुभवहरुले सिंगारिएको सुन्दर संग्राहलय हो । यो नव युवकहरुको लागि प्रकृति सिर्जित भविष्यको मार्गदर्शन हो । पौराणिक तथ्य हेर्ने हो भने  यो स्वर्ग जाने द्धार खोल्ने बानप्रस्थ हो । यो त अनुभव जन्य ज्ञानको महासागर हो । सिंगो जीवनको जल्दो बल्दो शिक्षा हो । बृद्धावस्था भनेको मानविय जीवनको सिंगो विश्व विद्यालय हो । जीवनरुपी यात्रामा आइ पर्ने उकाली ओराली,घाम पानी, दुख सुख प्राप्ती अप्राप्ती तृप्ती अतृप्ती, मायाँ युद्ध सम्पूर्ण कुराहरुसँग पौठे जोरी गर्दै, लडि वुडि गर्दै बटुलिएका ज्ञान मात्रै वास्तविक ज्ञान हुन् । त्यसैले वृद्धावस्था भनेको वास्तविक ज्ञान कुम्भ हो । यो ज्ञानको महासागरलाई  घरभित्रै छोरानातीको  खटन पटन सहेर बसेर त्यसै नष्ट हुन दिनुहुँदैन । यो ज्ञानको सक्दो सदुपयोग गर्नुपर्दछ । यहि ज्ञान नै हाम्रो बुढेलकालको साहारा हुनुपर्दछ । धर्म कर्म अनि समाजसेवामा लाग्न युवापिंडिलाई उत्साहित गराई दिनुपर्दछ । अहिलेका युवाहरुलाई सहि मार्ग के हो ? जीवन के हो ? मानवता के हो ?जस्ता महत्वपूर्ण विषयमा सैद्धान्तिक नभएर व्यवहारिक सांसारिक ज्ञान दिनुपर्दछ । यो युवापुस्ता सहि मार्गमा हिड्न सकेको छैन, यसमा हामी ज्येष्ठ नागरिका पनि त्यतिकै दोषी छौं । किनभने हामी युवाको कुरा सुन्दैनौ, युवाहरु हाम्रो कुरा सुन्दैनन् । त्यसैले पनि केहि सामाजिक पारिवारिक  खटपटहरु सिर्जना भैरहेका छन् । पुस्ता भिन्नतामा सामञ्जस्यता ल्याउनु अति आवश्यक छ । हामी २१ औं शताब्दिका  वद्धा वृद्धा कसैको दबाव अनि हेलामा अपामानित भएर वा आफ्नो स्वाभिमान गुमाएर बाँच्न चाहदैनन् । सम्मान पूर्वक शीर ठड्याएर वाच्न चान्छन् । जीवनमा गर्न बाँकि रहेका कार्यहरु पुरा गर्न चाहन्छन् ।

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, सामाजशास्त्र/ग्रामिण विकास विभाग पोखराद्धारा समाजशास्त्र विषयको स्नातकोत्तर तह द्धितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि ***“गलेश्वरधाम आरोग्य आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको अवस्था  बेनी नगरपालिका वडा नं.९, गलेश्वरधाम म्याग्दीको एक ”*** शीर्षकको शोधपत्र  तयार गरिएको हो । जनसाङ्ख्यिक संरचनाका विभिन्न पक्षहरु जस्तै लैङ्गिकता, जातीयता, क्षेत्रीयता युवा, बालबालिका, प्रौढ जस्तै ज्येष्ठ नागरिकहरुको बिषय जुनसुकै तह तथा समुदायको साझा सरोकारको विषय बनेको छ । जसका लागि श्री गलेश्वरधाम जेष्ठ नागरिक आरोग्य आश्रम एउटा पारिवारिक घर बन्न पुगेको छ । यही आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको सामाजिक जनजीवनको अवस्था,

ज्येष्ठ नागरिकाहरु आश्रममा आउनुका कारणहरु सम्वन्धी वृहत अध्ययन गरिएको छ। यस अध्ययनको उद्देश्य प्राप्तिका लागि ज्येष्ठ नागरिकहरुको दिनचर्या, स्वास्थ्य स्थितिको बारेमा पनि विश्लेषणात्मक तथा विवरणात्मक शैलीमा प्रस्तुत गरिएको छ।

सर्वप्रथम मलाई यो महत्वपूर्ण विषयमा शोध अध्ययन गर्दा शोधपत्रको शीर्षक छनौटदेखि लेखनको क्रममा मलाई हरदम सहयोग, मार्ग, निर्देशन, हौसला र अमूल्य सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख आदरणीय श्री विश्व कल्याण पराजुली, विभागीय सदस्य श्री नेत्र नारायण पौडेल, श्री तेजप्रसाद सुवेदी र म्याग्दी वहुमुखी क्याम्पसका प्रमुख श्री गोरख वहादुर जि.सी ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। सहकर्मी मित्र रुपिना पुर्जा र दिलमाया विटालु क्षेत्री जो मलाई हरदम सहयोग, सल्लाह, सुझाव, हौसला प्रदान गर्नुभएको र महालक्ष्मी लाईफ इन्स्योरेन्स बागलुङका प्रिय भाइ विश्वनाथ आचार्य जससे भाषा शुद्धाशुद्धि संशोधन गरिदिनु भएकोमा उहाँप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन तथा सम्मान व्यक्त गर्न चाहन्छु। मेरो शैक्षिक उन्नयनमा हमेसा सल्लाह र सुझाव दिनुहुने म्याग्दी वहुमुखी क्याम्पस पूर्व क्याम्पस प्रमुख द्वय श्री रामजी प्रसाद सुवेदी र श्री टिकाराम शर्माप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु।

तथ्याङ्क संकलनको क्रममा मलाई सहयोग गर्नुहुने श्री गलेश्वरधाम ज्येष्ठ नागरिक आरोग्य आश्रम व्यवस्थापन समितिका अध्यक्षज्यू, उपाध्यक्ष र सचिवज्यूहरुलाई हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यसै गरी अध्ययन क्षेत्रमा गई आवश्यक सामग्री संकलन र तथ्याङ्क संकलनमा सहयोग पुऱ्याउनु हुने मेरा साथीहरु सुनिता वरुवाल र तिल कुमारी रानालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। आश्रममा अवस्थित महानुभावहरुलाई म र मेरा साथिहरुसँग दिल खुलेर आफ्ना दुःख प्रकट गर्नुभयो जुन दिन सम्झँदा म अझै पनि भावुक हुने गरेको छु आफ्ना मनका कुरा गर्दा एक अर्थमा हलुङ्गो महशुस भएको अनुभव गरें भने अर्को अर्थमा तपाईहरुको विगतमा विर्सनु भएको कुरालाई झन् सम्झने, झस्काउने प्रयास भयो यहाँहरुको गहभरि आँशु र भक्कानो छोडी रुनु भयो जुन दिन आज झै लागेको छ। ह्दयदेखि नै क्षमा चाहन्छु किनकी यहाँहरुको दुःखमा मलम लगाउनुको साटो झन् विगत सम्झने कार्य भयो अनि विशेष विशेष आभार तथा धन्यवाद प्रकट गर्दछु। जुन विश्वास र आशाका साथ यस आश्रममा प्रवेश गर्नुभएको छ त्यो आशा, अनि इच्छा पुरा होस् भन्ने कामना पनि गर्न चाहन्छु।

प्रस्तुत शोध अध्ययनको क्रममा आवश्यक पुस्तकहरु दिएर सहयोग गर्नु हुने बेनी नगरपालिका, वडा नं. ९ का वडा सचिव भुपेन्द्र के सी ज्यू, गलेश्वरधाम क्षेत्र विकास समितिका अध्यक्ष श्री रुद्र वहादुर कार्की ज्यु, आरोग्य आश्रमका अध्यक्ष श्री भिमनाथ पराजुली ज्यु लगायत सम्पूर्ण पदाधिकारीहरु, धौलागिरि गाँउपालिका म्याग्दी प्रमुख आदरणीय दिदी थमसरा पुन र साथी रुपिना पुर्जा र वहिनी दिलमाया विटालु क्षेत्री जो पृथ्वी नारायण क्याम्पसको पुस्तकालयमा गई आवश्यक सल्लाह सुझाव तथा केही पुस्तकहरु उपलव्ध गराई दिनु भयो । प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मलाई हौसला प्रदान गर्नुहुने वहिनी तिल कुमारी राना र सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यो शोधपत्र तयार गर्ने क्रममा हरपल सहयोग तथा हौसला प्रदान गर्ने मेरा प्यारा वहिनीहरु जानकी, लक्ष्मी, तुलसी, जेनी र सुस्मालाई हार्दिक धन्यवाद दिन चाहन्छु । मलाई यस धर्तिमा जन्म दिएर आर्थिक, भौतिक, सामाजिक र नैतिक सहयोग गरी सकारात्मक सोच, विचार र सङघर्षशील जीवन जीउन सक्षम बनाउने तथा यो अवस्थासम्म पुऱ्याउनु हुने मेरा स्व. वावा छवानन्द उपाध्याय, स्व आमा चन्दावती उपाध्याय र स्व. हजुरआमा झयश्वरी उपाध्याय प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

**जमुना आचार्य**

# विषयसूची


**सिफारिस पत्र** ii

**स्वीकृति पत्र** iii

**कृतज्ञताज्ञापन** iv-vi

**विषयसूची** vii-ix

**तालिका सूची** x

**चित्र सूची** xi

**सङ्क्षेपीकृत रुप** xii

**अध्याय एक : परिचय** **१-१०**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन ७

१.३ अध्ययनको उद्देश्य ८

१.४ अध्ययनको औचित्य ७

१.५ अध्ययनको संगठन ९

**अध्याय दुई : पूर्व अध्ययनको समिक्षा** **११-२५**

२.१ ज्येष्ठ नागरिका सम्वन्धि अवधारणा र सिद्धान्तहरु ११

२.२ पूर्व अध्ययनको निचोड १२

२.३ अर्न्तराष्ट्रिय सन्दर्भमा १३

२.४ ज्येष्ठ नागरिकका सन्दर्भमा संयुक्त राष्ट्रसंघले प्रस्तुत गरेका सिद्धान्तहरु १५

२.५ राष्ट्रिय सन्दर्भ तथा सरकारबाट भएका पहलहरु १७

२.६ काठमाडौंका वृद्धाश्रम र ज्येष्ठ नागरिक बारे गरिएको सर्वेक्षण तथा निर्क्यौल १९

२.७ राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजना २०७६/०७७– २०८०/८१ लक्ष्य तथा उद्देश्यहरु २०

२.८ सरकारबाट भएका नीतिगत प्रयास तथा गैह्रसरकारी क्षेत्रहरुवाट भएका कार्यक्रम तथा बजेटहरु २३

| | | |
|---|---|---|
| **अध्याय तीन : अनुसन्धान विधिहरु** | | **२६-२९** |
| ३.१ | अध्ययन क्षेत्र छनोटको औचित्य | २६ |
| ३.२ | अनुसन्धानको ढाँचा | २६ |
| ३.३ | तथ्याङ्कको प्रकृति र स्रोतहरु | २६ |
| ३.४ | तथ्याङ्क संकलन विधि | २७ |
| ३.५ | तथ्याङ्क संकलनका औजारहरु | २७ |
| ३.६ | अध्ययनको समग्रता (जनसांख्यिक विधि र संगणना विधि) | २९ |
| ३.७ | तथ्याङ्क प्रस्तुति र विश्लेषण | २९ |
| ३.८ | विश्लेषण अध्ययनका सिमाहरु | २९ |
| **अध्याय चार : अध्ययन क्षेत्र** | | **३०-४३** |
| ४.१ | म्याग्दी जिल्लाको ऐतिहासिक पृष्ठभुमि | ३० |
| ४.२ | बेनी नगरपालिकाको परिचय | ३१ |
| ४.३ | अध्ययन क्षेत्रको ऐतिहासिक परिचय | ३२ |
| ४.४ | बेनी नगरपालिकामा वृद्धाश्रमको आवश्यकता | ३२ |
| ४.५ | भौगोलिक अवस्था | ३४ |
| ४.६ | ऐतिहासिक मठ मन्दिर तथा धार्मिक स्थलहरु | ३५ |
| ४.७ | सामाजिक अवस्था | ३७ |
| ४.८ | अध्ययन क्षेत्रको जनसंख्या विवरण | ३८ |
| ४.९ | आर्थिक अवस्था | ३९ |
| ४.१० | शैक्षिक स्थिति | ४० |
| ४.११ | ५ वर्ष वा माथिको साक्षर वा अध्ययनरत जनसंख्या | ४० |
| ४.१२ | बत्ती बाल्न विभिन्न स्रोतको प्रयोग गर्ने घरपरिवार संख्या | ४१ |
| ४.१३ | खानापकाउन विभिन्न इन्धन प्रयोग गर्ने घरपरिवार संख्या | ४१ |
| ४.१४ | सरकारी तथा गैरसरकारी संस्थाहरु | ४१ |
| **अध्याय पाँच : तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण** | | **४४-६६** |
| ५.१ | परिचय | ४४ |
| ५.२ | उत्तरदाताको लैङ्गिक अवस्था | ४४ |
| ५.३ | उत्तरदाताको जातिगत अवस्था | ४६ |

५.४ उत्तरदाताको शैक्षिक अवस्था ४८
५.५ उत्तरदाताको धार्मिक अवस्था ४९
५.६ उत्तरदाताहरुको बैवाहिक अवस्था ५०
५.७ उत्तरदाताको हालको पारिवारिक अवस्था ५१
५.८ आश्रममा आश्रित ज्येष्ठ नागरिकहरु आश्रम आउनुपूर्वको बसाईको स्थिति ५२
५.९ ज्येष्ठ नागरिकाहरु बस्नका लागि उचित स्थान ५३
५.१० आश्रम आउनुका कारणहरु तथा उमेर समूह ५४
५.११ ज्येष्ठ नागरिकहरुमा रोगहरुको अवस्था ५६
५.१२ आश्रम बासीहरुको दिनचर्या ५७
५.१३ आश्रित परिवारका सदस्य आश्रममा भेट्न आउने वा नआउने सम्वन्धी संख्यात्मक विवरण ५८
५.१४ आश्रममा आश्रित ज्येष्ठ नागरिकाहरुको जीविकाको स्रोत भए नभएको ५९
५.१५ आश्रममा भेदभाव हुन्छ वा हुँदैन ६०
५.१६ आश्रमका नियमित कार्यक्रमहरु ६१
५.१७ आश्रम बस्नका लागि अपनाउनुपर्ने विधि र प्रक्रियाहरु ६१
५.१८ आश्रितहरुको अन्त्येष्टि ६२
५.१९ निः शूल्क भोजन व्यवस्था ६२
५.२० आश्रम आउनुका कारणहरु तथा प्रभावहरु ६३

**अध्याय छ : सारांश, निष्कर्ष** **६७-७२**

६.१ सारांश ६७
६.२ निष्कर्ष ७०

*सन्दर्भ सूची*
*अनुसूचिहरु*
*प्रश्नावली*
*मूख्य सूचनादाताको नामावली*
*स्थापनाकालमा भएका कार्यसमितिका नामावलीहरु*
*बर्तमान कार्य समितिको नामावलीहरु*
*अध्ययन क्षेत्रको नक्सा*
*अध्ययन क्षेत्रसँग सम्वन्धित फोटाहरु*

# तालिका सूची


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| २.१ | ज्येष्ठ नागरिका सम्वन्धी रणनीति र कार्यनीति | २१ |
| ४.१ | अध्ययन क्षेत्रको जनसंख्या विवरण | ३८ |
| ४.२ | शैक्षिक अवस्था | ४० |
| ४.३ | पाँच बर्ष वा माथिका साक्षर वा अध्ययनरत जनसंख्या | ४० |
| ४.४ | पाँच बर्ष वा माथिका साक्षर वा अध्ययनरत जनसंख्या | ४१ |
| ४.५ | वडाका बत्ती बाल्न विभिन्न स्रोतको प्रयोग गर्ने घरपरिवार संख्या | ४१ |
| ४.६ | वडाका खाना पकाउन विभिन्न इन्धन प्रयोग गर्ने घरपरिवार संख्या | ४१ |
| ४.७ | गैर सरकारी संस्थाहरु | ४२ |
| ४.८ | सरकारी संस्थाहरु | ४२ |
| ४.९ | सामुदायिक भवनहरु | ४३ |
| ५.१ | उत्तरदाताको लैङ्गिक अवस्था | ४४ |
| ५.२ | जातिगत अवस्था | ४६ |
| ५.३ | शैक्षिक अवस्था | ४८ |
| ५.४ | धार्मिक अवस्था | ४९ |
| ५.५ | बैवाहिक अवस्था | ५० |
| ५.६ | पारिवारिक अवस्था | ५१ |
| ५.७ | आश्रममा आश्रित ज्येष्ठ नागरिकाहरु आश्रम आउनुपूर्वको बसाईको स्थिति | ५२ |
| ५.८ | ज्येष्ठ नागरिका बस्नका लागि उचित स्थान | ५३ |
| ५.९ | आश्रम आउनुका कारण तथा उमेर समूह | ५४ |
| ५.१० | ज्येष्ठ नागरिकाहरुको रोगको अवस्था | ५६ |
| ५.११ | आश्रमवासीहरुको दिनचर्या | ५७ |
| ५.१२ | आश्रित परिवारका सदस्य आश्रममा भेट्न आउने वा नआउनेको संख्या | ५८ |
| ५.१३ | आश्रममा भेदभाव हुन्छ वा हुँदैन | ६० |

# चित्र सूची


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| ५.१ | उत्तरदाताको लैङ्गिक अवस्था | ४६ |
| ५.२ | उत्तरदाताको जातिगत अवस्था | ४७ |
| ५.३ | उत्तरदाताको शैक्षिक अवस्था | ४९ |
| ५.४ | आश्रितहरुको जीविकाको स्रोत भए नभएको | ५९ |

# सङ्क्षेपीकृत रुप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक बर्ष |
| के.त.वि. | : | केन्द्रीय तथ्याङ्क विभाग |
| कि.मि. | : | किलोमिटर |
| वि.सं. | : | विक्रम संम्वत |
| ग.जे.ना.आ.चि. | : | गलेश्वर ज्येष्ठ नागरिक आश्रम चिनारी |
| ग.शि.पु.क्षे. | : | गलेश्वर शिवालय तथा पुलहाश्रम क्षेत्र |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| गा.पा | : | गाउँ पालिका |
| ज.आ. | : | जनसंख्या आयोग |
| जे.ना.सा.सु.से. | : | ज्येष्ठ नागरिक सामाजिक सुरक्षा सेवा |
| जि.स.स. | : | जिल्ला समन्वय समिति |
| न.पा. | : | नगरपालिका |
| बे.न.पा. | : | बेनी नगरपालिका |
| बा.न.पा. | : | बागलुङ नगरपालिका |
| यु.एन.डि.पी. | : | युनाइटेड नेसन्स फर डेभलभमेन्ट प्रोग्राम |
| रा.ज. | : | राष्ट्रिय जनगणना |
| रा.मा.अ.आ. | : | राष्ट्रिय मानव अधिकार आयोग |